# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६३/६४ को वार्षिक तथ्याङ्कमा आधारित)*

## कुल गार्हस्थ्य उत्पादन

१. केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०६३।६४ मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उत्पादकको मूल्यमा २.५ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६२।६३ मा यस्तो वृद्धिदर २.८ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६३।६४ मा कृषि उत्पादन ०.७ प्रतिशत र गैरकृषि उत्पादन ३.६ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६२।६३ मा कृषि र गैरकृषि क्षेत्रको उत्पादन वृद्धिदर क्रमशः १.१ प्रतिशत र ४.६ प्रतिशत रहेको थियो ।

२. धान रोपाईं गर्ने समयमा पर्याप्त वर्षा नभएको कारण प्रमुख खाद्यान्न वाली धानको उत्पादनमा उल्लेख्य कमी आई खाद्यवाली समूहको उत्पादन घट्न गएको, आलु तथा तेलहनको उत्पादनमा कमी आई नगदेवाली समूहको उत्पादन समेत घट्न गएको कारण समग्र कृषि क्षेत्रको उत्पादन अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो ।

३. समीक्षा वर्षमा गैरकृषि क्षेत्रअन्तर्गतका यातायात, भण्डारण तथा संचार क्षेत्र ८.१ प्रतिशत, वित्तीय मध्यस्थता क्षेत्र ८.६ प्रतिशत, घरजग्गा भाडा तथा व्यवसायिक सेवा क्षेत्र ८.६ प्रतिशत तथा शिक्षा क्षेत्र ५.६ प्रतिशतले वृद्धि भई सेवा क्षेत्रको वृद्धि दर ४.१ प्रतिशत रहन गएको देखिन्छ। यसैगरी, उद्योग क्षेत्रअन्तर्गतका खानी तथा उत्खनन् क्षेत्र ६.० प्रतिशत, विद्युत ग्यास तथा पानी क्षेत्र ३.२ प्रतिशतले वृद्धि भई उद्योग क्षेत्रको वृद्धि दर २.२ प्रतिशत रहन गएको देखिन्छ। अघिल्लो वर्ष सेवा तथा उद्योग क्षेत्र क्रमशः ४.७ प्रतिशत र ४.३ प्रतिशतले वृद्धि भएको थियो ।


४. आर्थिक वर्ष २०६३।६४ दशौं योजनाको अन्तिम वर्ष पनि हो। दशौं योजनाले ६.२ प्रतिशतको अपेक्षित आर्थिक वृद्धिदर र ४.३ प्रतिशतको सामान्य आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको थियो। तर योजना अवधिमा लक्षित सामान्य आर्थिक वृद्धिदरभन्दा पनि कम अर्थात ३.४ प्रतिशतको आर्थिक वृद्धि मात्र हासिल भएको छ। देशमा शान्ति सुरक्षाको अवस्थामा अपेक्षित सुधार हुन नसक्नु, लगानी उत्साहजनकरूपमा बढन नसक्नु, बन्द, हडताल आदिका कारण वस्तुको सहज आपूर्तिमा व्यवधान हुनु, बाह्य मागमा सुधार आउन नसक्नु, सरकारको विकास खर्च बढन नसक्नु, समयमा नै पर्याप्त वर्षा हुन नसक्दा कृषि उत्पादन नराम्ररी प्रभावित हुनु आदि कारणहरूले गर्दा योजना अवधिमा आर्थिक वृद्धि दर न्यून रहन गएको हो ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

५. आर्थिक वर्ष २०६२।६३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ८.० प्रतिशत रहेकोमा २०६३।६४ मा ६.४ प्रतिशत रहेको छ। बार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २०६३ आषाढको ८.३ प्रतिशतको वृद्धिको तुलनामा २०६४ आषाढमा ५.१ प्रतिशतले बढेको छ। पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव (base effect) हट्न गई गैरखाद्य तथा सेवा समूहको मूल्य वृद्धिदरमा उल्लेख्य कमी आएको र नेपाली रूपैया अमेरिकी डलरसँग अधिमूल्यन हुनगएको कारण समेतले गर्दा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति न्यून रहेको हो ।

चार्ट १




६. समूहगतरूपमा, समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ७.८ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा मसलाको मूल्य वृद्धिदर २२.५ प्रतिशत, दालको १७.० प्रतिशत र फलफूल तथा तरकारीको ११.१ प्रतिशत रहेको छ। तथापि चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा ७.१ प्रतिशतले गिरावट तथा चामलको मूल्यमा २.८ प्रतिशतको सामान्य वृद्धिका कारण समग्र खाद्यान्नको मूल्यवृद्धि ६.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष खाद्यान्नको मूल्य वृद्धि १३.४ प्रतिशत रहेको थियो। गैरखाद्य वस्तु तथा सेवा समूहको मूल्य अघिल्लो वर्ष ८.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ५.५ प्रतिशतले मात्र बढेको छ। २०६२ फागुनमा गरिएको पेट्रोलियम पदार्थमा मूल्य वृद्धिको आधार प्रभाव हटेकोले गैरखाद्य समूहको मूल्यमा सुधार आएको हो।

७. आर्थिक वर्ष २०६३।६४ मा काठमाडौ उपत्यका, पहाड र तराईको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः ६.१ प्रतिशत, ६.० प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ६.५ प्रतिशत, ८.६ प्रतिशत र ८.६ प्रतिशत रहेको थियो। बन्द तथा हडताल जस्ता कारणहरूले गर्दा समीक्षा वर्षमा तराई क्षेत्रको मूल्य वृद्धि अन्य भौगोलिक क्षेत्रको तुलनामा केही उच्च रहेको हो।


८. यसैगरी, आर्थिक वर्ष २०६३।६४ मा वार्षिक औसत अन्तरर्निहित मुद्रास्फीति (Core Inflation) ६.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ४.५ प्रतिशत रहेको थियो। यसले समीक्षा अवधिमा सर्वसाधारणको मुद्रास्फीतिकारी अपेक्षा बढन गएको संकेत गरेको छ।

## थोक मुद्रास्फीति

९. २०६३।६४ मा बार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ९.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ८.९ प्रतिशत रहेको थियो। बार्षिक बिन्दुगत थोक मूल्य सूचकाङ्कको वृद्धिदर भने २०६३ आषाढमा ७.७ प्रतिशत रहेकोमा २०६४ आषाढमा ८.५ प्रतिशत रहेको छ। आयातीत वस्तुको मूल्यमा उल्लेख्य कमी आएको भए तापनि कृषिजन्य वस्तु र आन्तरिकरूपमा उत्पादित तयारी वस्तुको मूल्यमा वृद्धि भएका कारण समीक्षा वर्षमा समग्र थोक मूल्य सूचकाङ्कमा चाप पर्न गएको हो। समूहगतरूपमा, कृषिजन्य वस्तुको मूल्य अधिल्लो वर्ष ९.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ११.६ प्रतिशतले बढेको छ। यस समूहको मूल्यमा चापपार्ने प्रमुख वस्तुहरूमा मसला (२२.१ प्रतिशत), दाल (२०.४ प्रतिशत), नगदे बाली (१४.८ प्रतिशत), खाद्यान्न (१०.८ प्रतिशत) र फलफूल तथा तरकारी (९.१ प्रतिशत) आदि रहेका छन्। यसैगरी, आन्तरिकरूपमा उत्पादित तयारी वस्तुको थोक मूल्य अघिल्लो वर्ष ३.६ प्रतिशतले बढेकोमा

समीक्षा वर्षमा ८.५ प्रतिशतले बढेको छ। निर्माण सामग्रीको मूल्य वृद्धि उल्लेख्य १५.६ प्रतिशत र खाद्यान्नको मूल्य वृद्धि ८.२ प्रतिशत रहेका कारण यस उपसमूहको मूल्यमा चाप परेको हो।

चार्ट २




१०. वार्षिक औसत आधारमा आयातीत वस्तुको थोक मूल्य भने अघिल्लो वर्ष १०.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ५.६ प्रतिशतले मात्र वृद्धि भएको छ। २०६२ फागुनमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव २०६३ फागुनदेखि समाप्त भएको तथा समीक्षा वर्षमा नेपाली रूपैयाँ अमेरिकी डलरसंग उल्लेख्यरूपमा (करिव १४ प्रतिशतले) अधिमूल्यन भएको कारण यस उप-समूहको मूल्य वृद्धिमा कमी आएको हो।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

११. आर्थिक वर्ष २०६३।६४ मा बार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ९.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.९ प्रतिशत रहेको थियो। २०६४ असारमा बार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १२.३ प्रतिशतले बढेको छ, जुन २०६३ असारमा ६.२ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारीहरूको १०.० प्रतिशतले भत्ता वृद्धि, औद्योगिक मजदूरहरूको ज्यालादरमा वृद्धि, नेपाली युवाहरूको शहरोन्मुख प्रवृति तथा बैदेशिक रोजगारीतर्फ भइरहेको आकर्षण जस्ता कारणहरूले गर्दा समीक्षा वर्षमा समग्र राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो। अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा औद्योगिक मजदूरको ज्यालादरमा १३.० प्रतिशत, कृषि मजदूरको ज्यालादरमा १०.३ प्रतिशत र निर्माण मजदूरको ज्यालादरमा ७.७ प्रतिशतले वृद्धि भएको छ।

## वैदेशिक व्यापार र शोधनान्तर स्थिति

### आयात तथा निर्यात

१२. आर्थिक वर्ष २०६३/६४ मा कुल निर्यात ०.९ प्रतिशतले मात्र वृद्धि भएको छ। अघिल्लो वर्ष कुल निर्यात २.६ प्रतिशतले बढेको थियो। शान्ति सुरक्षामा समस्या, बारम्बारको बन्द तथा लोडसेडिङ्ग जस्ता कारणहरूले गर्दा समीक्षा अवधिमा निर्यात वृद्धिदरमा कमी आएको हो। समीक्षा अवधिमा भारततर्फको निर्यात २.८ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ३.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ४.६ प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात १.४ प्रतिशतले घटेको थियो।

१३. भारततर्फ मुख्यतया धागो, जस्ता पाता, कपडा, एम.एस. पाइप र जुसको निर्यात वृद्धिका कारण भारततर्फको निर्यात केही बढेको हो । तयारी पोशाक, पश्मिना, ऊनी गलैंचा, हस्तकलाका सामान र नेपाली कागज तथा कागज निर्मित सामानको निर्यातमा कमी आएको कारण अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

१४. आर्थिक वर्ष २०६३/६४ मा कुल आयात १०.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष कुल आयात १६.३ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २०.८ प्रतिशतले बढेकोमा यस वर्ष ९.९ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ९.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.० प्रतिशतले वृद्धि भएको छ ।

१५. आर्थिक वर्ष २०६३/६४ मा भारतबाट सवारी साधन तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन क्वाइल, धागो, हट रोल्ड शीट इन क्वाइल र विद्युतीय सामाग्रीको आयात बढको छ भने अन्य मुलुकबाट विशेष गरी सुन, कच्चा पाम तेल, कम्प्यूटर पार्ट्स्, दूरसंचारका सामाग्री तथा सुपारीको आयात उल्लेख्यरूपले वृद्धि भएको छ ।

१६. आर्थिक वर्ष २०६३/६४ मा व्यापार घाटा १५.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो घाटा २५.१ प्रतिशतले वृद्धि भएको थियो । आयातको वृद्धिदर पनि तुलनात्मक रूपले न्यून रहेकोले व्यापार घाटा विस्तार दर अघिल्लो वर्षको भन्दा कम रहेको हो ।

## शोधनान्तर स्थिति

१७. आर्थिक वर्ष २०६३/६४ मा रू. ५ अर्व ८८ करोडको समग्र शोधनान्तर बचत भएको छ। चालू खाता बचत रू. ३ अर्व ५० करोड र पूँजी तथा वित्तीय खाता बचत रू. २ अर्व ३८ करोड रहेका कारण उक्त शोधनान्तर बचत रहेको हो । अघिल्लो वर्ष शोधनान्तर बचत रू. २५ अर्व ६० करोड रहेको थियो भने चालू खाता रू. १४ अर्व २२ करोडले बचतमा रहेको थियो। आर्थिक वर्ष २०६२/६३ मा विप्रेषण आप्रवाह वृद्धि उल्लेख्य ४९.० प्रतिशत रहेको तुलनामा आर्थिक वर्ष २०६३/६४ मा २.५ प्रतिशत रहेको छ। चालू खाता बचतको प्रमुख कारण भने विप्रेषण आप्रवाह वृद्धि नै रहेको छ ।

## विदेशी विनिमय संचिति

१८. २०६४ असार मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति २०६३ असार मसान्तकै हाराहारीमा अर्थात रू. १ खर्ब ६५ अर्ब ११ करोड रहेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति २७.० प्रतिशतले वृद्धि भएको थियो। कुल विदेशी विनिमय संचिति अमेरिकी डलरमा भने २०६२ असारदेखि २०६३ असार मसान्तसम्ममा २०.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा १४.३ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्व ५५ करोड पुगेको छ। कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६३ असार मसान्तमा ९४.५ प्रतिशत रहेकोमा २०६४ असार मसान्तमा ९४.१ प्रतिशतमा झरेको छ भने अपरिवर्त्य संचितिको अंश ५.५ प्रतिशतबाट बढेर ५.९ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.३ महिनाको वस्तु आयात र ८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

१९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७६.५४ रहेकोमा २०६४ असार मसान्तमा ४.२ प्रतिशतले बढी प्रति व्यारल अमेरिकी डलर ७९.७३ पुगेको छ। त्यस्तै, सुनको मूल्य पनि २०६३ असार मसान्तको

तुलनामा २०६४ असार मसान्तमा ०.४ प्रतिशतले बढी प्रति आउन्स अमेरिकी डलर ६६३.२५ बाट अमेरिकी डलर ६६६.०० पुगेको छ ।

### विनिमय दर प्रवृत्ति

२०. २०६३ असार मसान्तको तुलनामा २०६४ असार मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १४.३ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ५.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०६३ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७४.१० रहेकोमा २०६४ असार मसान्तमा उक्त विनिमय दर रू. ६४.८५ रहेको छ ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२१. आर्थिक वर्ष २०६३/६४ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २३.४ प्रतिशतले वृद्धि भई २०६४ असार मसान्तसम्ममा रू.१२५ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १२.५ प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत दुबै खर्चको वृद्धिदरमा विस्तार आएकोले कुल सरकारी खर्चको वृद्धि अघिल्लो वर्षको तुलनामा उच्च रहेको हो ।

२२. आर्थिक वर्ष २०६३/६४ मा नेपाल सरकारको चालू खर्च १४.८ प्रतिशतले वृद्धि भई २०६४ असार मसान्तसम्ममा रू.७४ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च ९.४ प्रतिशतले बढेको थियो । आर्थिक सहायता तथा क्षतिपूर्तिमा उल्लेखनीय खर्च भएको, सार्वजनिक संस्थानको दायित्व भुक्तानी, सरकारी कर्मचारीको भत्ता वृद्धि, प्रहरी चौकी पुनस्थापना, माओवादी शिविर व्यवस्थापनलगायत शान्ति सुव्यवस्था कायम गर्नमा उल्लेखनीय रकम खर्च भएकोले चालू खर्चमा चाप परेको हो ।

२३. समीक्षा अवधिमा पूँजीगत खर्च ५८.३ प्रतिशतले वृद्धि भई रू.३२ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्ष पूँजीगत खर्च २४.६ प्रतिशतले मात्र बढेको थियो । नेपाल सरकारले नेपाल आयल निगमलाई रू.१ अर्ब ऋण लगानीको रूपमा प्रदान गरेको र वर्षको अन्त्यमा स्थानीय निकायहरूलाई उल्लेखनीय रकम निकासा गएको कारण समीक्षा वर्षमा पूँजीगत खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

### सरकारी राजस्व


२४. आर्थिक वर्ष २०६३/६४ मा नेपाल सरकारको राजस्व २०.९ प्रतिशतले वृद्धि भई २०६४ असार मसान्तसम्मा रू.८७ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व ३.१ प्रतिशतले मात्र बढेको थियो । राजस्व प्रशासनमा गरिएको सुधारको फलस्वरूप राजस्वको वृद्धिदर उच्च रहेको हो । यसको अतिरिक्त आर्थिक वर्ष २०६२/६३ मा भन्सारका दरहरू घटाइएको कारण राजस्व वृद्धिदर अत्यन्त कम भई आधार सानो भएकोले पनि समीक्षा वर्षमा राजस्व वृद्धिदर उच्च रहेको मान्न सकिन्छ ।

२५. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर आर्थिक वर्ष २०६३/६४ मा २१.१ प्रतिशतले वृद्धि भई रू २६ अर्ब ५६ करोड परिचालन भएको छ । अघिल्लो वर्ष सो कर १६.१ प्रतिशतले मात्र वृद्धि भएको थियो । ठूला करदाता इकाई (Large Taxpayers' Unit-LTU) स्थापना भएको, विलिङ्ग प्रणालीको सुदृढीकरण र ननफाइलर, सस्पेण्डेड रिटर्न र आउटस्ट्याण्डिङ्गलाई व्यवस्थित गर्ने कार्यमा तीव्रता आएकोले समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

२६. आर्थिक वर्ष २०६३/६४ मा भन्सार महसूलबाट प्राप्त हुने राजस्व ९.० प्रतिशतले वृद्धि भई रू १६ अर्व ७१ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व २.४ प्रतिशतले घटेको थियो। त्यसै गरी, समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ४१.४ प्रतिशतले वृद्धि भई रू ९ अर्व २४ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व १.४ प्रतिशतले मात्र वृद्धि भएको थियो। भन्सार प्रशासनमा सुधार, स्वचालित भन्सार प्रणालीको (ASYCUDA) विस्तार, भन्सार तथा अन्तःशुल्कका दरहरूमा गरिएको समायोजन तथा उच्च भन्सार तथा अन्तःशुल्क दर लाग्ने सवारी साधनहरू तथा पार्टपूर्जाको आयातमा वृद्धि, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरूको पहिचान भन्सार तथा अन्तःशुल्क राजस्वको वृद्धिदर उच्च हुनुका प्रमुख कारणहरू हुन्।

२७. आर्थिक वर्ष २०६३/६४ मा आयकर राजस्व ४४.४ प्रतिशतले वृद्धि भई रू १५ अर्व ९३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ५.५ प्रतिशतले मात्र वृद्धि भएको थियो। सरकारी स्वामित्वको नेपाल टेलिकम र राष्ट्रिय बीमा संस्थान तथा निजी क्षेत्रको सूर्य नेपाल, नेपाल अरब बैंक लि. तथा कृषि विकास बैंक लि. जस्ता संस्थाहरूबाट उल्लेखनीयरूपमा आयकर प्राप्त भई संस्थागत आयकरको वृद्धिदरमा उत्साहजनक विस्तार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो।

**चार्ट ३**




२८. समीक्षा अवधिमा कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश ३०.५ प्रतिशत, भन्सार राजस्वको अंश १९.२ प्रतिशत, अन्तःशुल्कको अंश १०.६ प्रतिशत र आयकरको अंश १८.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष ती अनुपातहरू क्रमशः ३०.३ प्रतिशत, २१.२ प्रतिशत , ९.० प्रतिशत र १५.३ प्रतिशत थिए।

२९. समीक्षा अवधिमा गैरकर राजस्व ७.९ प्रतिशतले वृद्धि भई रू १५ अर्व २३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष गैरकर ११.९ प्रतिशतले घटेको थियो। नेपाल राष्ट्र बैंक लगायत अन्य केही

सरकारी संस्थानहरूले सरकारलाई चुक्ता गर्ने लाभांशमा वृद्धि भएको कारण गैर कर राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

३०. आर्थिक वर्ष २०६३/६४ मा वैदेशिक नगद अनुदान ४३.५ प्रतिशतले वृद्धि भई रू.१२ अर्व ७५ करोड पुगेको छ। अघिल्लो वर्ष विदेशी नगद अनुदान रू ८ अर्व ८८ करोड मात्र परिचालन भएको थियो। यस अवधिमा रोड कनेक्टीभिटी सेक्टर आयोजनाको लागि एसियाली विकास बैंकले; कुष्ठ रोग नियन्त्रण, स्थानीय स्तरका साना आयोजना र बजेट सहयोग कार्यक्रमअन्तर्गत भारतले; खाद्यान्न सहयोग, ऋणमोचन कोष, रेडियो प्रसारण क्षमताविस्तार र नन्प्रोजेक्ट अनुदानअन्तर्गत जापानले ; ग्रामीण खानेपानी व्यवस्थापन आयोजनाको लागि फिनल्याण्डले र सुशासन अभिवृद्धि, स्थिरता र सुरक्षा अभिवृद्धिलगायत स्वास्थ्य क्षेत्रको विकासका लागि अमेरिकाले उल्लेखनीय अनुदान सहयोग प्रदान गरेको कारण वैदेशिक अनुदानको वृद्धि उल्लेखनीय रहेको हो ।

### बजेट घाटा/बचत स्थिति

३१. आर्थिक वर्ष २०६३/६४ मा सरकारी नगद बजेट रू.१९ अर्व २० करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष बजेट रू.१६ अर्व ४३ करोडले घाटामा थियो। आर्थिक वर्ष २०६२/६३ मा नगद बजेट घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा सो अनुपात २.७ प्रतिशत रहेको छ। कुल सरकारी खर्चको तुलनामा कुल साधन परिचालन कम भएको कारण समीक्षा वर्षमा बजेट घाटा बढेको हो ।

### न्यून वित्त परिचालन

३२. न्यून वित्त पूर्तिको उपायको रूपमा कुल आन्तरिक ऋण आर्थिक वर्ष २०६३/६४ मा रू.१७ अर्व ८९ करोड परिचालन भएको छ। आर्थिक वर्ष २०६३/६४ मा कुल आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २.५ प्रतिशत रहेको छ। नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन भने समीक्षा वर्षमा रू.५ अव २७ करोड मात्र रहेको छ। कुल गार्हस्थ्य उत्पादनसँग यसको अनुपात ०.७३ प्रतिशत मात्र रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण (नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात समायोजन गरेपछि) भने रू ९६ अर्व २९ करोड रहेको छ। अघिल्लो आर्थिक वर्ष कुल तिर्न बाँकी आन्तरिक ऋण रू ९१ अर्व ३ करोड थियो ।

३३. न्यून वित्त पूर्तिको अर्को उपाय वैदेशिक नगद ऋण परिचालन आर्थिक वर्ष २०६३/६४ मा १५.० प्रतिशतले बढी रू.४ अर्व ४२ करोड पुगेको छ। अघिल्लो वर्ष रू.३ अर्व ८५ करोड बराबर वैदेशिक ऋण परिचालन भएको थियो। एसियाली विकास बैंकले ग्रामीण माइक्रो फाइनान्स सेक्टर विकास कार्यक्रमका लागि रू ४ अर्व ऋण सहायता उपलब्ध गराएको कारण वैदेशिक ऋण परिचालनमा सो वृद्धि भएको हो ।

३४. आर्थिक वर्ष २०६३/६४ मा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू.३ अर्व १ करोड नगद बचत कायम रहेको छ ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०६३/६४ मा विस्तृत मुद्राप्रदाय १४.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त मुद्राप्रदाय १५.६ प्रतिशतले विस्तार भएको थियो। विदेशी विनिमय नाफा/घाटा समायोजित खुद वैदेशिक सम्पत्तिको वृद्धि उल्लेख्यरूपमा न्यून रहेको कारणले विस्तृत मुद्राप्रदाय समीक्षा वर्षमा कम दरले बढेको हो ।

३६. अघिल्लो वर्ष १४.२ प्रतिशतले विस्तार भएको संकुचित मुद्रा प्रदाय समीक्षा वर्ष १२.१ प्रतिशतले विस्तार भएको छ। त्यस्तै, आवधिक निक्षेप अघिल्लो वर्ष १६.४ प्रतिशतले विस्तार भएकोमा समीक्षा वर्ष १४.९ प्रतिशतले बढेको छ। न्यून व्याजदर र निर्यात तथा विप्रेषण आप्रवाहको वृद्धिदर कम रहेको कारण आवधिक निक्षेपको वृद्धिदर अघिल्लो वर्षको भन्दा कम रहेको हो।

३७. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/घाटा समायोजित) २३.८ प्रतिशत (रू.२५ अर्ब ६० करोड) ले बढेकोमा आर्थिक वर्ष २०६३/०६४ मा ४.२ प्रतिशत (रू ५ अर्ब ८८ करोड) ले बढेको छ। विप्रेषण आप्रवाहको वृद्धिदर कम रहेकोले खुद वैदेशिक सम्पत्तिको वृद्धिदरमा कमी आएको हो।

## कुल आन्तरिक कर्जा

३८. अघिल्लो वर्ष मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा ११.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ मा १६.७ प्रतिशतले बढेको छ। गैर वित्तीय सरकारी सँस्थाहरूमाथिको दावी उच्च रहेको, थप दुई वाणिज्य बैंकहरूले कारोवार शुरू गरेको र निजी क्षेत्रमा स्थापित वाणिज्य बैंकहरूले उपभोग कर्जा क्षेत्रमा लगानी बढाएकोले निजीक्षेत्रतर्फको कर्जा बढेको फलस्वरूप मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा विस्तार आएको हो।

३९. आन्तरिक कर्जाका अंशहरूमध्ये नेपाल सरकारमाथिको खूद दावी अघिल्लो वर्ष १०.४ प्रतिशतले बढेकोमा समीक्षा वर्ष १०.५ प्रतिशतले बढेको छ। सरकारी खर्च वृद्धिको साथै साधन परिचालनमा समेत विस्तार आएकोले समीक्षा वर्ष मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको खुद दावीको वृद्धि आघिल्लो वर्षको हाराहारीमा रहेको हो।

४०. गैरवित्तीय सरकारी संस्थाहरूमाथिको दावी अघिल्लो वर्ष ३२.१ प्रतिशतले घटेकोमा समीक्षा वर्षमा १२.१ प्रतिशतले बढेको छ। समीक्षा वर्षमा नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड, जनक शिक्षा सामाग्री केन्द्र र नेपाल खाद्य संस्थानले बैंकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त दावी बढेको हो।

४१. आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फ प्रवाहित कर्जा अघिल्लो वर्ष १४.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १८.९ प्रतिशतले बढेको छ। निजी क्षेत्रका बैंकहरूले निर्माण, सेवा र थोक तथा खुद्रा व्यापारजस्ता क्षेत्रमा कर्जा लगानी बढाएका छन्। साथै, थप दुई वाणिज्य बैंकहरूले कारोवार शुरू गरेकोले पनि निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएको हो।

४२. खुद गैरमौद्रिक दायित्व अघिल्लो वर्ष १३.१ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ९.९ प्रतिशतले मात्र बढ्यो। नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले समीक्षा वर्ष खराव कर्जा र ब्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तवी हिसाब घट्न गई गैर मौद्रिक दायित्व समीक्षा वर्ष कम दरले बढेको हो।

## विदेशी मुद्रा कारोवार

४३. आर्थिक वर्ष २०६२/६३ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७६ करोड ६ लाखको खुद खरीद गरी रू ५५ अर्ब २२ करोड बराबरको खुद तरलता प्रवाह गरेको तुलनामा आर्थिक वर्ष २०६३/६४ मा अमेरिकी डलर ९१ करोड ५८ लाख खुद खरीद गरी रू ६४ अर्ब ४६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ।

४४. भारतीय रूपैयाँ (भारू) को संचिति व्यवस्थापन गर्ने क्रममा समीक्षा वर्ष अमेरिकी डलर ९२ करोड भारतीय मुद्रा बजारमा बिक्री गरी रू ६३ अर्ब ८८ करोड बराबरको भा.रू. खरीद भएको छ। आर्थिक वर्ष २०६२/६३ मा अमेरिकी डलर ६० करोड बिक्री गरी रू ४२ अर्ब ९६ करोड बराबरको भा.रू. खरीद भएको थियो। समीक्षा वर्षमा भारतसँगको बढ्दो चालू खाता घाटा पूर्ति गर्ने क्रममा अमेरिकी डलर बिक्री तथा भा.रू. खरीद समीक्षा अवधिमा बढेको हो।


## खुल्ला बजार कारोवार

४५. आर्थिक वर्ष २०६३/६४ मा नेपाल राष्ट्र बैंकले बिक्री बोलकबोलबाट रू. १८ अर्ब ४० करोड र रिभर्स रिपो बोलकबोलबाट रू.१४ अर्ब ३४ करोड गरी कुल रू. ३२ अर्ब ७४ करोड बराबरको तरलता प्रशोचन गरेको छ। रिपो बोलकबोलबाट हुन गएको कुल रू २ अर्बको तरलता प्रवाहलाई समायोजन गर्दा रू ३० अर्ब ७४ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ। अघिल्लो वर्ष बिक्री बोलकबोलबाट रू. १३ अर्ब ५१ करोड र रिभर्स रिपो वोलकवोलबाट रू.६ अर्ब ५० करोड गरी रू २० अर्ब १ करोड बराबरको कुल तरलता प्रशोचन भएको थियो। अघिल्लो वर्ष खरीद बोलकबोलबाट रू.८३ करोड र रिपो बोलकबोलबाट रू ४५ करोड गरी जम्मा रू १ अर्ब २८ करोड बराबर प्रवाह भएको तरलता समेतलाई समायोजन गर्दा रू १८ अर्ब ७३ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो।

## स्थायी तरलता सुविधाको उपयोग

४६. वाणिज्य बैंकहरूले अघिल्लो वर्ष रू. ९ अर्ब ८८ करोड स्थायी तरलता सुविधा उपयोग गरेकोमा आर्थिक वर्ष २०६३/६४ मा रू.४६ अर्ब ९८ करोड बराबरको सो सुविधा उपयोग गरेका छन्। केही वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय सँस्थाहरूमा अल्पकालीन लगानी गरेकोले सो सुविधाको उपयोग बढेको हो। समीक्षा वर्षको एघारौं र बाह्रौ महिनामा वाणिज्य बैंकहरूसँग तरलतामा केही कमी आएकोले पनि यसको उपयोग बढेको हो। अघिल्लो वर्षको तुलनामा अन्तरबैंक कारोवारमा भने केही कमी आएको छ। अघिल्लो वर्ष रू १७५ अर्ब ७५ करोड बराबर अन्तरबैंक कारोवार भएकोमा समीक्षा वर्ष ३.२ प्रतिशतले कमी आई रू १७० अर्ब १८ करोड बराबरको अन्तरबैंक कारोवार भएको छ। वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधाको उपयोग बढाएकोले अन्तरबैंक कारोवारमा कमी आएको हो।

चार्ट ४: स्थायी तरलता सुविधा र अन्तरबैंक कारोवारको स्थिति





## अल्पकालीन व्याजदर

४७. समीक्षा वर्षमा व्याजदर संरचना स्थिर प्राय रहेको छ। उदाहरणको लागि समीक्षा वर्ष ९१ दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर न्यूनतम १.८५ प्रतिशतदेखि अधिकतम २.९९ प्रतिशतसम्म रहेको छ। अघिल्लो वर्ष न्यूनतम २.२० प्रतिशतदेखि अधिकतम ३.६९ प्रतिशतसम्म रहेको थियो। त्यस्तै, समीक्षा वर्षमा भारित औसत मासिक अन्तर बैंक व्याजदर १.३९ देखि ३.३५ प्रतिशतसम्म रह्यो। उक्त व्याजदर अघिल्लो वर्ष न्यूनतम ०.९१ प्रतिशत र अधिकतम ३.८७ प्रतिशतसम्म पुगेको थियो।

चार्ट ५ : ९१-दिने ट्रेजरी विल्स तथा अन्तर बैंकको वार्षिक भारित औसत मासिक व्याजदर


(प्रतिशतमा)




## धितोपत्र बजार


४८. आर्थिक वर्ष २०६३/६४ नेपालको शेयर बजारको लागि उत्साहजनक रह्यो । वर्षभरिनै Bullish Trend बाट अगाडि बढेको नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा ७६.८१ प्रतिशतले बढेर २०६४ असार मसान्तमा ६८३.९५ बिन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६३ असार मसान्तमा ३८६.८३ थियो । बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्थिति सुदृढ भएको र अर्थतन्त्रमा अधिक तरलताको स्थितिका कारण न्यून व्याजदर रहेकोले शेयर बजारतर्फ लगानीकर्ताहरूको आकर्षण बढेको हो ।

चार्ट ६



४९. २०६४ असार मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ९२.५ प्रतिशतले वृद्धि भई रू १८६ अर्ब ३० करोड पुगेको छ। परिणामस्वरूप २०६४ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २५.९ प्रतिशत पुगेको छ। यस्तो अनुपात २०६३ असार मसान्तमा १५ प्रतिशत रहेको थियो। बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्।

**चार्ट ७**




५०. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी ८.९ प्रतिशतले वार्षिक वृद्धि भई २०६४ असार मसान्तमा रू २१ अर्ब ७४ करोड रहेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो।

५१. २०६४ असार मसान्तमा मासिक कारोवारको बजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.७७ प्रतिशत रहेको छ। यस्तो अनुपात २०६३ असार मसान्तमा ०.३४ प्रतिशत थियो। नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत १३५ कम्पनीहरूमध्ये असार महिनामा जम्मा ९४ कम्पनीको मात्र कारोवार भएको थियो। शेयर बजारका लागि वर्षभरिमै सबैभन्दा बढी बिस्तारकारी देखिएको यो महिनामा कम्पनीहरूका कुल सूचीकृत शेयरमध्ये जम्मा १.९६ प्रतिशत शेयरको मात्र कारोवार भएको थियो ।

५२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ असार मसान्तमा ३५.३ रहेकोमा २०६४ असार मसान्तमा ८५.६ पुगेको छ।

५३. आर्थिक वर्ष २०६३।६४ को वान्ह महिनामा नेपाल धितोपत्र बोर्डले बिभिन्न बैंक तथा वित्तीय संस्थाहरूलाई रू. २९ करोड २ लाख ५० हजार बराबरको साधारण शेयर, रू १ अर्ब ८१ करोड ७२ लाख ५० हजार बराबरको हकप्रद शेयर, रू. २५ करोड बराबरको डिवेञ्चर तथा रू ४० करोड बराबरको अग्राधिकार शेयर निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ।

५४. २०६४ असारमा एभरेष्ट बैंक लि. ले वार्षिक ७ प्रतिशत लाभांश दिने र प्रत्येक तीन वर्षमा २० प्रतिशतका दरले गरी १५ वर्षमा सम्पूर्ण शेयर साधारण शेयरमा परिणत हुने रू ४० करोड मूल्यको २० लाख कित्ता अग्राधिकार शेयर प्रति कित्ता रू २०० का दरले (रू १०० प्रिमियम सहित) निष्कासन गरेको थियो। २० लाख कित्ता शेयर मध्ये १८ लाख ९० हजार कित्ता बिद्यमान

शेयरधनीहरूलाई र बाँकी १ लाख १० हजार कित्ता सर्वसाधारणको लागि विक्री खुला गरिएको थियो । उक्त शेयर खरीदको लागि रू १ अर्ब भन्दा बढीको माग भएको थियो ।

### बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा वृद्धि

५५. आर्थिक वर्ष २०६३।६४ मा थप २ वाणिज्य बैंक, ९ विकास बैंक, ४ वित्त कम्पनी र १ लघु वित्त कारोवार गर्ने संस्था गरी जम्मा १६ वटा बैंक तथा वित्तीय संस्था स्थापना भएका छन् भने सीमित बैंकिंग कारोबार गर्न इजाजत प्राप्त दुईवटा सहकारी संस्थाको इजाजत रद्द गरिएको छ ।

### ग्रामीण स्वाबलम्बन कोषको गतिविधि

५६. नेपाल सरकारद्वारा स्थापित र नेपाल राष्ट्र बैंकद्वारा प्रवर्द्धित ग्रामीण स्वावलम्बन कोषले सहकारी र गैरसरकारी संस्थाहरूलाई लघुवित्त कारोवारका लागि थोक कर्जा प्रवाह गर्दै आएको छ । २०६४ असार मसान्तसम्ममा कोषले रू १३ करोड २५ लाख कर्जा वितरण गरेको छ भने रू ८ करोड १२ लाख सावाँ असुल गरेको छ ।

## अनुसूची १

### वाणिज्य बैंकहरूबाट अमेरिकी डलर खरीद र भारतीय मुद्रा बजारमा अमेरिकी डलरको बिक्री गरी भा.रू. खरीद

रू अर्बमा

| महिना | २०६२/६३ | | २०६३/६४ | |
|---|---|---|---|---|
| | अमेरिकी डलरको खुद खरीद | अमेरिकी डलर बिक्री गरी भा.रू. खरीद | अमेरिकी डलर को खुद खरीद | अमेरिकी डलर बिक्री गरी भा.रू. खरीद |
| साउन | १.१८ | ४.१८ | ६.५५ | ३.७४ |
| भदौ | २.१६ | ३.५१ | ४.७५ | ४.४६ |
| असोज | ३.७८ | ४.२४ | ५.५९ | ५.१३ |
| कात्तिक | ६.२ | २.९ | ५.१३ | ५.७६ |
| मंसिर | ४.८३ | ३.६६ | ६.८८ | ४.३ |
| पुष | ४.३६ | २.१६ | ५.४२ | ४.९८ |
| माघ | २.९३ | ३.५४ | २.८५ | २.१२ |
| फागुन | ५.२६ | ४.९७ | ७.२६ | ४.९५ |
| चैत | ३.९२ | ५ | ३.५३ | ५.५३ |
| वैशाख | ५.०२ | ०.७२ | ४.५ | ७.९२ |
| जेठ | ९.७५ | ४.३९ | ५.४ | ८.४७ |
| असार | ५.८३ | ३.६९ | ६.६ | ६.५१ |
| **कुल** | **५५.२२** | **४२.९६** | **६४.४६** | **६३.८८** |

## अनुसूची २

### खुला बजार कारोवार स्थिति

रू अर्बमा

| | | २०६२/६३ | २०६३/६४ |
|---|---|---|---|
| क | **तरलता प्रशोचन** | **२०.०१** | **३२.७४** |
| | बिक्री बोलकबोल | १३.५१ | १८.४० |
| | रिभर्स रिपो बोलकबोल | ६.५० | १४.३४ |
| ख | **तरलता प्रवाह** | **१.२८** | **२.००** |
| | खरीद बोलकबोल | ०.८३ | - |
| | रिपो बोलकबोल | ०.४५ | २.०० |
| ग | **खुद तरलता प्रशोचन** (क-ख) | **१८.७३** | **३०.७४** |

## अनुसूची ३

### बैंक तथा वित्तीय संस्थाहरूको संख्या

| बैंक तथा वित्तीय संस्थाहरू | २०६३ असार मसान्त | २०६४असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | १८ | २० |
| विकास बैंक | २९ | ३८ |
| वित्त कम्पनी | ७० | ७४ |
| लघु वित्त कारोवार गर्ने संस्थाहरू | ११ | १२ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरू (सीमित बैंकिंग कारोबार गर्न) | १९ | १७ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैरसरकारी संस्थाहरू (लघु वित्त कारोवार गर्न) | ४७ | ४७ |

## अनुसूची ४

### ग्रामीण स्वावलम्वन कोषको कारोवार

| विवरण | २०६३ असार | २०६४ असार |
|---|---|---|
| कर्जा वितरण भएको जिल्ला संख्या | ४७ | ४८ |
| कर्जा वितरित संस्था संख्या | २५० | २७७ |
| लाभान्वित परिवार संख्या | ९९४९ | १२२२८ |
| वितरित कर्जा रकम (रू करोडमा) | १०.१३ | १३.२६ |
| असुल भएको रकम (रू करोडमा) | ६.८५ | ८.१२ |
| लगानीमा रहिरहेको रकम (रू करोडमा) | ३.२८ | ५.१४ |
| भाखा नाघेको कर्जा (असुल हुनुपर्ने रकमको प्रतिशत) | ८.४ | ८.५ |
| कर्जा असुली (प्रतिशत) | ९१.७ | ९१.६ |